प्रमुख प्रशासकीय अधिकृत
२०८२।२।६

मिति २०८२ साल जेष्ठ ६ गते मंगलबार बसेको कार्यपालिकाको बैठकका निर्णयहरू:

| निर्णय नं. | प्रस्ताव/ विषय | प्रस्तावित निर्णय |
|---|---|---|
| १ | गत बैठकको समिक्षा | गत बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था वारे समिक्षा गरियो। सवै निर्णयहरु कार्यान्वयन चरणमा रहेको पाईयो । |
| २ | पूर्णखोप सुनिश्चितता सम्वन्धमा । | लेटाङ नगरपालिकाले पुर्णखोप सुनिश्चितताका लागि आवश्यक निरन्तरताका सवै सूचक पुरा गरेको हुँदा पूर्णखोप सुनिश्चितताको लागि जिल्ला खोप समन्वय समितिमा सिफारिस गरि पठाउने निर्णय गरियो। |
| ३ | भगिनी सम्वन्ध अनुमोदन सम्वन्धमा। | लुम्विनी सांस्कृतिक नगरपालिका रुपन्देही र लेटाङ नगरपालिका मोरङवीच मिति २०८२/०१/१९ गते लुम्विनी सांस्कृतिक नगरपालिकामा भएको भगिनी सम्वन्धको समझदारी पत्रलाई अनुमोदन गर्ने। |
| ४ | विषयगत समितिवाट पारित भई पेश भएको आ.व. २०८२/८३ नीति तथा कार्यक्रम पेश गर्ने सम्वन्धमा । | आ.व. २०८२/८३ को लागि विषयगत समिति मार्फत छलफल गरी तपसिल वमोजिमका २०८२/८३ को वार्षिक नीति कार्यपालिका बैठकमा छलफल गरी नीति तथा कार्यक्रमको अन्तिमरुपको तयारीका लागि नगर प्रमुख, नगर उप-प्रमुख, र प्रमुख प्रशासकीय अधिकृतको टोलीलाई जिम्मेवारी प्रदान गर्ने ।<br>१. आर्थिक विकास सम्वन्धी नीति<br>२. सामाजिक विकास सम्वन्धी निति<br>३. पुर्वाधार विकास सम्वन्धी निति<br>४. वन वातावरण तथा विपद व्यवस्थापन सम्वन्धी नीति<br>५. सुशासन तथा संस्थागत विकास सम्वन्धी नीति |
| ५ | वजेट तथा कार्यक्रम पेश गर्ने अवधि सम्वन्धमा । | आ.व. २०८२/८३ को लगि वडागत वजेट सिमाभित्रको वजेट तथा कार्यक्रम पेश गर्ने अवधि अन्तिम एक पटकको लागि २०८२/०२/१५ गते सम्म कायम गर्ने । |
| ६ | नेपाल रेडक्रस सोसाइटी कोशी प्रदेश र लेटाङ नगरपालिका मोरङबीच अवधारणापत्र अनुमोदन सम्वन्धमा र अभिमुखिकरण कार्यक्रम सम्वन्धमा। | नेपाल रेडक्रस सोसाईटी कोशी प्रदेश र लेटाङ नगरपालिका मोरङवीच विपद व्यवस्थापन सम्वन्धी कानूनी तथा संस्थागत व्यवस्थापकीय कार्य गर्ने गरी गरिएको अवधारणापत्रको सम्झौता अनुमोदन गर्ने । स्थानीय विपद व्यवस्थापन योजना, विपद प्रतिकार्य योजना, स्थानीय अनुकुलन योजना, जलवायु अनुकुलन योजना, ताल तलैया पोखरी लगायत पानीका स्रोतहरु र सिमसारक्षेत्रको संरक्षण तथा उपयोग तथा दिगो उपयोग सम्वन्धी योजना तर्जुमा, आपतकालिन कार्यसंचालन योजना तथा सेवा प्रवाहको मापदण्ड निर्माण तथा विपद प्रतिकार्य पूर्वअभ्यास जस्ता कार्यक्रम संचालन गर्न नेपाल रेडक्रस सोसाईटीको समन्वयमा आवश्यक कार्यहरु अगाडी वढाउने । सो कार्यका लागि प्रत्येक वार्डवाट २ जना तथ्यांक संकलन गर्न सक्ने स्थानीयवासी तथा एक जना वडा सदस्य (टिम लिडर) वडा कार्यालयवाट तोकी पठाउने । तोकिएका ब्यक्तिहरुलाई मिति २०८२/०२/११, १२ र १३ गते नगरपालिकाको सभाहलमा ३ दिनको अभिमुखिकरण कार्य विज्ञवाट संचालन गरी तथ्याकं संकलनका लगि थप ७ दिन परिचालन गर्ने । तालिम तथा फिल्डमा खटिएकाहरुलाई दैनिक रु १०००।०० का दरले १० दिनको दैनिक निर्वाह खर्च उपलब्ध गराउने ।<br>स्रोत- प्रकोप व्यवस्थापन कोष (अनुमानीत लागत ) |
| ७ | क्षमता विकास योजना सम्वन्धमा। | लेटाङ नगरपालिकाको आ.व. २०८१/८२- २०८३/८४ को नगर क्षमता विकास योजना तयारी सम्वन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।२।६

| | | |
|---|---|---|
| ९ | सिडिएफ भवन मर्मत सम्भारको भेरिएसन र म्याद थप सम्वन्धमा। | १.सिडिंएफ नेपाल र लेटाङ नगरपालिकावीचको सम्झौता वमोजिम सिडिएफ भवन निर्माण सम्वन्धी कार्यमा प्राविधिक शाखावाट प्राप्त प्रतिवेदन वमोजिम १४.८३ प्रतिशत भेरिएसन स्विकृत गर्ने। साथै उक्त कार्यका लागि जेष्ठ मसान्त सम्मको म्याद थपको अनुमोदन गर्ने।<br>२.लेटाङ नगरपालिका वडा नं ९ को भवन परिपर निर्माण कार्यको लागि प्राविधिक प्रतिवेदन बमोजिम ११ प्रतिशत भेरिएसन अनुमोदन गर्ने। |
| १० | नदिजन्य पदार्थको प्रयोग सम्वन्धमा। | आगामी नगरसभावाट अनुमोदन हुने गरी ढुङ्गा गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा १२ को उपदफा ६ वमोजिम लेटाङ नगरपालिका भित्र नगरपालिका आफैले संचालन गर्ने योजनाहरू तटबन्धन, कुलो पैनी मुहान संरक्षण र खानेपानीको मुहान संरक्षण जस्ता कार्यका लागि नदिजन्य पदार्थहरुको प्राकृतिक स्रोत वापतको कर नराखी लागत अनुमान तयार गरी योजना संचालनका लागि सहमती प्रदान गर्ने। |
| ११ | पाटी खेतक्षेत्रमा संकलित नदिजन्य पदार्थ ( ढुङ्गा ) व्यवस्थापन सम्वन्धमा । | पाटीखेत क्षेत्रमा संकलित ढुङ्गाको व्यवस्थापनका लागि आएको गुनासो सम्ब्रन्धमा सो स्थान वनक्षेत्रभित्र रहेको पाइएकोले उक्त क्षेत्रको ढुङ्गाको आवश्यक व्यवस्थापनका लागि डिभिजन वन कार्यालय मोरङलाई अनुरोध गर्ने। साथै जिल्ला अनुगमन समितिलाई जानकारी गराउने। |
| १२ | विपद सामाग्री सम्वन्धमा। | ईलाका प्रहरी कार्यालय लेटाङ बाट माग भएका विपद व्यवस्थापनका लागि आवश्यक सामाग्री उपलव्ध गराउने।<br>(श्रोतः मेशिनरी तथा औजार खर्च शिर्षकवाट) |
| १३ | वजेट विनियोजन सम्वन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ७ को घुमाउने डाँडाँदेखि याचेपासम्मको मोटरबाटो सम्भावित क्षती न्युनिकरण गर्न आवश्यक देखिएकोले स्तरोन्नती गर्न आवश्यक लागत अनुमान रु ५३०००।०० बराबरको कार्य गर्न सहमती प्रदान गर्ने ।<br>(स्रोत - मर्मत संभार कोष)<br>२.राजारानी देखि आरूवोटे सम्मको सडक आवगमन अवरूध भएकाले उक्त सडक आवगमन सहजताका लागि प्राविधिक स्टमेट अनुसार रू४,५०,०००/- बजेट बिनियोजन गर्ने।<br>(श्रोतः प्रकोप व्यवस्थापन कोष) |
| १४ | संस्था दर्ता सम्वन्धमा । | लेटाङ नगरपालिका संस्था दर्ता ऐन, २०७८ को दफा ४ को उपदफा ३ बमोजिम देहायको संस्थाहरूलाई दर्ता गर्ने र प्रमाणपत्र प्रदान गर्न सहमती प्रदान गर्ने।<br>१.ज्यामिरे-अधेरी खानेपानी उपभोक्ता तथा सरसफाई समिति लेटाङ- ८<br>२.लेटाङ रन, लेटाङ-३ |
| १५ | स्वास्थ्यकर्मी प्रोत्साहन सम्वन्धमा। | लेटाङ नगरपालिका सर्पदंश तथा प्राथमिक उपचार सेवा केन्द्रमा कार्यरत ३ जना स्वास्थ्यकर्मीहरुलाई मितिः२०८१।१०।१३ गते देखि लागुहुने गरी प्रति व्यक्ती दैनिक रू२०० का दरले खाजा खर्च प्रोत्साहनको रूपमा उपलब्ध गराउने। (श्रोतः विविध खर्च शिर्षक) |
| १६ | गरिबी निवारण कोषको कार्यक्रम सम्वन्धमा। | लेटाङ नगरपालिकामा गरिबी निवारणका लागि सम्भावित लाभान्वित समुदायहरूमा कार्यविधि बमोजिम आवेदन मागका लागि सूचना प्रकाशन गर्ने। |
| १७ | रोजगार सेवा केन्द्रमा रहेका रोजगार सहायक र | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ४१९ मिति २०८२/०२/०१ को पत्रानुसार आ.व. २०८२/८३ मा रोजगार संयोजकको पारिश्रमिक मात्र संघीय |

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधि...

२०८२।१।२६

<table>
<tr><td></td><td>प्राविधिक सहायकको निरन्तरता सम्वन्धमा ।</td><td>सरकारबाट उपलब्ध हुने भएकाले उक्त सम्बन्धमा अन्य कर्मचारीहरूको उपलब्धता तथा नगरपालिकाको क्षमता हेरि आगामी नगरसभामा पेश गर्ने।</td></tr>
<tr><td>१८</td><td>नागको मूर्ति स्थापना सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिकाको राजारानी पर्यटकीयक्षेत्रमा नाग मुर्ति स्थापन गर्नका लागि रु २५०००/- वजेट तथा कार्यक्रम व्यवस्थापन गर्ने। (श्रोतः कार्यक्रम खर्च शिर्षक)</td></tr>
<tr><td>१९</td><td>घर निर्माण अभिलेखिकरण सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका क्षेत्रभित्र नक्सा पास नगरिकन वनेका घरहरुलाई अभिलेखिकरण गर्ने प्रयोजनका लागि २०८२ साल असार २० गते सम्मको समय प्रदान गरी सुचना प्रकाशन गर्ने।</td></tr>
<tr><td>२०</td><td>विद्यालयमा कृषि वगैचा निर्माण</td><td>नमूनाको रुपमा विद्यालयमा एक कृषि वगैचा निर्माण कार्यक्रम संचालनका लागि श्री शिक्षा विकास मा.वि. लेटाङ-५ लाई छनौट गर्ने र प्राविधिक शाखा/कृषि शाखासंगको समन्वयमा कार्यक्रम अगाढी बढाउने ।</td></tr>
<tr><td>२१</td><td>विद्यालय छनौट सम्वन्धमा।</td><td>संघिय सरकार शसर्त कार्यक्रम संचालनका लागि विज्ञान प्रयोगशाला स्थापना गरी सञ्चालन गर्न श्री महाभारत मा.वि. लेटाङ-६ लाई छनौट गर्ने।</td></tr>
<tr><td>२२</td><td>विज्ञ तोक्ने सम्वन्धमा</td><td>श्री भोगटेनी प्रा.वि. लेटाङ १ आरुवोटेको प्रधानाध्यापक छनौट गर्न नगरस्तरिय प्र.अ. छनौट समितिमा श्री लक्ष्मी प्रसाद मिश्र शिक्षा विकास मा.वि. लाई तोक्ने ।</td></tr>
<tr><td>२३</td><td>फुटवल क्रिकेट प्रशिक्षण खर्च अनुमोदन सम्वन्धमा।</td><td>लेटाङ नगरपालिकाभित्र खेलकुद प्रशिक्षण कार्यका लागि लेटाङ नगरपालिकाभित्रका ४ स्थानमा फुटवल प्रशिक्षण र १ स्थानमा क्रिकेट प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न रु १५०४४८।२० तपसिल बमोजिमको शिर्षकवाट खर्च लेख्न सहमति प्रदान गर्ने ।स्रोत — १. खेल सामाग्री व्यवस्थापन ( खेलकुद प्रशिक्षणको लागि ) रु. ७६९००।००<br>२. कार्यक्रम खर्च रु ७३५५०।००</td></tr>
<tr><td>२४</td><td>वुकलेट प्रकाशन सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिकास्तरिय खेलकुद महोत्सव २०८१ र स्काउट क्याम्प २०८१ को तस्विर संकलन गरी वुकलेट प्रकाशन गर्न रु ९००००।०० व्यवस्थापन गर्ने। (स्रोत — कार्यालय मसलन्द सामाग्री)</td></tr>
<tr><td>२५</td><td>जिल्ला समन्वय समितिको च.नं. २४० मिति २०८२/१/२३ को थप स्पष्टता सम्वन्धमा।</td><td>जिल्ला समन्वय समिति मोरङको २४० मिति २०८२/०१/२३ गतेको लेटाङ नगरपालिका वडा नं ३ को चिसाङ क्रसर उत्तर र दक्षिणको क्षेत्रमा भएको उत्खनन् सम्वन्धी थप स्पष्टता सम्वन्धमा लेखिएको पत्रका विषयमा आवश्यक प्रतिवेदन तयार गर्न पूर्वाधार विकास शाखा, राजश्व शाखा, नापी शाखा र नगरप्रहरी लाई खटाउने।</td></tr>
<tr><td>२६</td><td>शिर्षक एकिकृत सम्वन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं ७ को समला पर्यटकीयक्षेत्र सुधार गर्न एकै क्षेत्रमा पर्ने ३ वटा योजना देखिएकाले उक्त तिनवटै योजनाहरुलाई एकत्रृत गरी समला पदमार्ग निर्माण गर्ने सहमती प्रदान गर्ने।
<table>
<tr><th>विवरण (हाल अवस्थित)</th><th>रकम</th><th>विवरण (संसोधित)</th><th>रकम</th></tr>
<tr><td>समला पदमार्ग निर्माण</td><td>४०००००</td><td>समला पदमार्ग निर्माण</td><td>९२५०००</td></tr>
<tr><td>समला पर्यटकीय क्षेत्र सौन्दर्यकरण</td><td>२५०००</td><td></td><td></td></tr>
<tr><td>समला भ्यू प्वाईन्ट निर्माण</td><td>५०००००</td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>२७</td><td>कर्मचारी प्रोत्साहन सुविधा सम्वन्धमा ।</td><td>१.लेटाङ नगरपालिकामा कार्यरत इन्जिनियर र नापि सेवाका प्राविधिकहरूको जेष्ठ र असार महिनामा कामको अधिक चाप हुने भएकाले निज १४ जना प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता बापत आधारभुत तलबको १५% हुन आउने रकम प्रोत्साहन बापत उपलब्ध गराउने। (श्रोतः कर्मचारी प्रोत्साहन)</td></tr>
</table>

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२०७५६

| | | |
|---|---|---|
| २८ | सिचाई पैनी मर्मत सम्भार सम्वन्धमा | लेटाङ ९ को विभिन्न पैनीहरुको मर्मत सम्भार कार्य गर्न मिति २०८२/०१/०८ गतेको निर्णयानुसार ठेक्का व्यवस्थापन गर्ने गरी भएको निर्णयका सम्वन्धमा समय अभाव भएको तथा उपभोक्ता समितिको श्रम साझेदारी समेत जुट्ने देखिएको तथा नगरपालिकामा जाली समेत रहेको हुँदा २६१ थान तारजाली नगरपालिकाबाट उपलब्ध गराई नगरपालिकाबाट रू १५,००,०००/- खर्च ब्यहोर्ने र उपभोक्ता श्रमदानवाट रू३६४६३१।८० सहभागिता गरी सम्झौता गर्न स्विकृती प्रदान गर्ने। (स्रोत — सिचाई पैनीहरुको मर्मत सम्भार शिर्षक, श्रोतः विपद् व्यवस्थापन कोष) |
| २९ | लेटाङ कानेपोखरी सडक विस्तारको नपुग रकम सम्वन्धमा । | लेटाङ नगरपालिकाको लेटाङ कानेपोखरी सडक विस्तारको ठेक्का व्यवस्थापन भई कार्य सम्पन्न भएको र रु ११९२६४ रकम निर्मित सम्पत्तीको मर्मत संभार खर्च शिर्षकवाट भुक्तानी प्रदान गर्ने। |
| ३० | पर्यटन पुर्वाधारको डिपिआर र लागत अनुमान स्वीकृती सम्वन्धमा । | लेटाङ नगरपालकाको ६ वटा क्लस्टरको पर्यटकीयक्षेत्रको पुर्वाधार निर्माणको डिपिआरु स्विकृत गर्ने । |
| ३१ | लेटाङ नगरपालिका वडा नं १ को आरुवोटै क्षेत्रका जनताको गुनासो सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं १ का नागरिकले केरावारी गा.पा. नजिक पर्ने भएकोले भनि दिनु भएको निवेदन वमोजिम यस प्रकृतिका नगरपालिकाभित्रको पुनर्संरचना सम्वन्धी विषयमा अध्ययन गर्न तपसिल वमोजिमको कार्यदल गठन गर्ने । कार्यदलले वडाका सिमाना र अन्य पालिकाका सिमाना सम्वन्धमा हाल भएका समस्या समेतको अध्ययन गरी यथासिघ्र प्रतिवेदन पेश गर्ने ।<br><u>तपसिल</u><br>१. श्री भूम सुर्य मगर- संयोजक<br>२. श्री तेज प्रसाद तिम्सिना — सदस्य<br>३. श्री भानुभक्त राई — सदस्य<br>४. श्री दिर्घायु लिम्वु — सदस्य<br>(उक्त कार्यदलको वैठकमा प्रमुख प्रशासकीय अधिकृतलाई आमन्त्रण गर्न सकिने) |
| ३२ | जेष्ठ नागरिक ऐन निर्माण सम्वन्धमा । | जेष्ठ नागरीक ऐन निर्माण सम्वन्धी मस्यौदा तयारी गर्न कानूनी सल्लाहकारलाई जिम्मेवारी प्रदान गर्ने । |
| ३३ | प्रहरी चौकी वुधवारेको भवन निर्माण सिफारिस सम्वन्धमा। | लेटाङ नगरपालिका वडा नं २ वुधवारे वजारमा रहेको प्रहरी चौकी निर्माणका लागि जग्गा व्यवस्थापन भएतापनि पक्की भवन नभएकोले टहरामा बस्दै आएको र व्यारेक महिला व्यारेक हिरासत कक्ष भान्साघर पार्किङ समेत नभई अत्यन्त असहज भएकोले सकेको हुदा सम्वन्धित निकायलाई शान्ती सुरक्षा लगायतका कार्य गर्न भवन अत्यावश्यक रहेको हुदा भवन निर्माणको लागि आवश्यक वजेट व्यवस्थापन गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने । |
| ३४ | महिला शसक्तिकरण तालिम सम्वन्धमा । | समृध्दि महिला विकास संस्था लेटाङ नगरपालिका मोरङ को प्रस्तावना पत्र वमोजिम महिला सशक्तिकरण कार्यक्रम संचालनका लागि नगरपालिकाको तर्फबाट रू१५००००।- साझेदारी मार्फत कार्यक्रम संचालन गर्ने। (श्रोतः महिला शसक्तिकरण अन्तर्गत नेतृत्व विकास सम्वन्धी तालिम खर्च शिर्षक) |
| ३५ | ह्विल चेयर खरिद गर्ने । | लेटाङ नगरपालिका अन्तरगत विभिन्न वडाहरुवाट ह्विल चेयर माग भई आएको हुदा ५ थान ह्विल चेयर खरिद गर्न सहमती प्रदान गर्ने । (श्रोतः अपाङ्गता सहायता साझेदारी कार्यक्रम) |

लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय लेटाङ, मोरङ

| | | |
|---|---|---|
| ३६ | कार्यक्रम संचालन सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं ८ को नयाँ वर्षमा दौड कार्यक्रम संचालन शिर्षक अन्तरगतको रकम रु.३०००० ।- कार्यालयमा अत्यावश्यक कार्यका लागि कार्यालय संचालन खर्च गर्न सहमती प्रदान गर्ने । |
| ३७ | राजिनामा स्विकृती | लेटाङ नगरपालिका वडा नं ४ का वडा सदस्य श्री सक्षम सुव्वाले आफु वैदेशिक रोजगारीका क्रममा रहेकोले मिति २०८२/०१/३१ गते देखि कायम हुने गरी राजिनामा स्विकृत गरिपाँउ भनि दिनु भएको राजिनामा स्विकृत गरी सम्वन्धित निकायलाई जानकार गराउने । |
| ३८ | वजेट कार्यान्वयन सम्वन्धमा | १.लेटाङ नगरपालिका वडा नं ४ को खेलकुद प्रतियोगिता संचालन तथा सामाग्री खरिद शिर्षकमा विनियोजित रकम रु ३००००० ।०० मध्ये शान्ति भगवती मा.वि. पछाडिको कभर्ड हल छेउमा क्रिकेट अभ्यास स्थान निर्माण गर्न सहमती प्रदान गर्ने।<br>२.लेटाङ नगरपालिका वडा नं ४ को वडास्तरिय बाटोमा रेलिङ निर्माण शिर्षकमा रहेको रकमबाट वडा कार्यालय अगाडि रेलिङ निर्माण गर्न अत्यावश्यक रहेकोले लागत अनुमान वमोजिम कार्य गर्न सहमती प्रदान गर्ने । |
| ३९ | आर्थिक सहयोग सम्ब्रन्धमा। | लेटाङ नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०७७ वमोजिम देहायको क्षेत्रमा आर्थिक सहयोग प्रदान गर्ने। |

| क्र.सं | निवेदक | वडा नं | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | गंगेचोक युवा क्लब | ४ | फुटवल प्रतियोगिता संचालन | १५०००/- |
| २ | जिफन्ड कोशी प्रदेश | कोशी प्रदेश | अन्तराष्ट्रिय श्रमिक दिवस | १००००/- |
| ३ | अखिल नेपाल किसान महासंघ | काठमाडौं | शुभकामना तथा सूचना प्रकाशन | १५०००/- |
| श्रोत: कार्यक्रम खर्च शिर्षक | | | | |
| ४ | समला उभौली मेला समिति | ७ | उभौली मेला तथा खेल प्रतियोगिता | १५०००/- |
| ५ | किराँत याक्थुम चुम्लुङ जिल्ला शाखा मोरङ | मोरङ | २६ औ राष्ट्रिय सम्मेलन | १५०००/- |
| ६ | किर्तिमान किरात राई यायोख्खा प्रारम्भिक समिति | ३ | उभौली पर्वका लागि | १५०००/- |
| ७ | नेपाल उत्पिडित जातिय मुक्ती समाज | काठमाडौं | अधिवेशन आर्थिक सहयोग | १५०००/- |
| श्रोत: बिभिन्न भाषा संस्कृत तथा पर्व मेला प्रवर्धन विविध खर्च | | | | |
| ८ | चेत बहादुर दमाई | ३ | स्वास्थय विमा नविकरण | ३५००/- |
| ९ | खड्ग बहादुर मगर | ९ | विपन्न घर निर्माण आर्थिक सहयोग | १००००/- |
| श्रोत: कार्यक्रम खर्च शिर्षक | | | | |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १० | नर बहादुर लिम्बु | ९ | चटयाङ्ले क्षति पुर्याएको आर्थिक सहयोग | १००००/- |
| ११ | यमन मगर | १ | सव ढुवानी वापत आर्थिक सहयोग | २५०००/- |
| श्रोत: विपद् व्यवस्थापन कोष | | | | |
| १२ | दिपज्योती मिडिया प्रा.लि | उर्लाबारी २ | जनचेतना मुलक विज्ञापन | १५०००/- |
| १३ | रमाइलो एडभर्टाइजमेन्ट प्रा.ली | धरान १५ | जनहितमा जारी सन्देश | १००००/- |
| १४ | समाचार पत्र | उर्लाबारी | सूचना सुभकामना सन्देश | १५०००/- |
| १५ | उद्घोष राष्ट्रिय दैनीक | विराटनगर ७ | सूचना/ विज्ञापन | २५०००/- |
| १६ | प्रेस चौतारी नेपाल | कोशी प्रदेश | अधिवेशन आर्थिक सहयोग | १५०००/- |
| श्रोत: कार्यक्रम खर्च शिर्षक | | | | |
| | लेटाङ सितेरियो कराते डो जो क्लव | ४ | खेल प्रतियोगिता संचालन | १००००/- |
| श्रोत: वडा नं ४ को खेलकुद प्रतियोगिता संचालन तथा सामाग्री खरिद शिर्षक | | | | |

| | | |
|---|---|---|
| ४० | चुरे क्षेत्रको मुहान संरक्षण सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित स्वर्पेटार दमाई खानेपानी उपभोक्ता समितिको माग निवेदन बमोजिम भालुखोप मुहान मर्मत तथा संरक्षणका लागि रू१०००००/- बजेट विनियोजन गर्ने। (श्रोत: चुरे क्षेत्रको मुहान संरक्षण)<br>२.लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित कुवापानी सामुदायिक वनको संरक्षणमा अवस्थित देहायको मुहानहरू संरक्षणका लागि रू २०००००/- बजेट बिनियोजन गर्ने। (श्रोत: चुरे क्षेत्रको मुहान संरक्षण)<br>देहाय:<br>१.पधेरी खानेपानी मुहान<br>२.लिपेनी खानेपानी मुहान<br>३.भालुखोप रातोपानी खानेपानी मुहान |
| ४१ | सहयोग तथा सिफारिस सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ३ मा अवस्थित डिल्ली पोखरेलको ३ तले पक्की घरको भुई तल्लामा सुरज शाहले संचालन गरेको ताज सिम्पल मार्केटमा मिति:२०८२।०१।३१ गतेका दिन आगोलागी भई ठूलो धनरासीको क्षती भएकाले निजलाई पालिकाको तर्फबाट रू २५०००/- आर्थिक सहयोग प्रदान गर्ने र थप आर्थिक सहयोगका लागि जिल्ला प्रशासन कार्यालय मोरङमा सिफारिस पठाउने। (श्रोत: विपद् व्यवस्थापन कोष) |
| ४२ | प्राविधिक समिति गठन सम्बन्धमा। | लेटाङ नगरपालिको IEE प्रतिवेदन अध्ययन गर्न लेटाङ नगरपालिकाको पारम्भिक वातावरण परिक्षण कार्यबिधि २०७७(संसोधन) को परिछेद ५ को दफा १४ बमोजिम देहायको प्राविधिक समिति रहने। उक्त समितिमा आयोजना तथा कार्यक्रमसँग सम्बन्धित विषय क्षेत्रको विज्ञ यस कार्यालयमा नरहेकोले सम्बन्धीत क्षेत्रको विषय विज्ञलाई आमन्त्रित गर्ने।<br>देहाय:<br>क. प्राविधिक शाखा प्रमुख - संयोजक<br>ख. आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको विषयको विज्ञ –सदस्य<br>ग. वातावरण तथा विपद व्यवस्थापन विषय हेर्ने शाखा प्रमुख – सदस्य सचिव<br>आवश्यकता अनुसार समितिले सम्बन्धीत अन्यलाई आमन्त्रण गर्न सक्ने। |

| | | |
|---|---|---|
| ४३ | जरिवाना सम्बन्धमा। | लेटाङ नगरपालिका अन्तर्गत चिसाङ खोलामा स्विकृत IEE प्रतिवेदन भन्दा प्राविधिक प्रतिवेदनमा ९७०१ घनमिटर बढि उत्खन्न भएको पाइएकोले उक्त बढि उत्खन्न गर्ने श्री बारजी कन्सट्रक्सनलाई कोशी प्रदेश सरकार आर्थिक ऐन २०८१ को दफा ७ को उपदफा ४ संग सम्बन्धि दण्ड जरिवाना सम्बन्धी अनुसूची र वातावरण संरक्षण ऐन २०७६ को दफा ३५ को उपदफा १(ख) बमोजिम दश लाख जरिवाना लिने र कोशी प्रदेश आर्थिक ऐन बमोजिमको बढी उत्खन्नको हुन आउने परिमाणको राजश्व रकम रू २७,०८,७४२/-(भ्याट सहित) असुल उपर गर्ने। अन्यथा प्रचलित कानुन बमोजिम कार्वाहिको प्रक्रिया अगाडी बढाउने। |
| ४४ | आर्थिक सर्वेक्षण र टोल विकास क्षमता कार्यक्रम सम्बन्धमा। | लेटाङ नगरपालिकाको आर्थिक सर्वेक्षणको लागि कार्यक्रम खर्च शिर्षकवाट रू ९८००० बजेट बिनियोजन गर्ने। र टोल बिकास क्षमता विकास कार्यक्रम गर्नका लागि रू९७००० बजेट बिनियोजन गर्ने। (श्रोतः कार्यक्रम खर्च शिर्पक) |
| ४५ | लेटाङ नगरपालिकाको आम्दानी र खर्च अनुमोदन सम्बन्धमा। | लेटाङ नगरपालिकाको बैशाख मसान्त सम्म आय तर्फ रू५५ करोड ५३ लाख ४८ हजार तिन सय चौस्ठी रूपैया (९१.१%) व्यय तर्फ चालु तर्फ २८ करोड ५७ लाख ५८ हजार ४३४ मात्र (६४.२९%) र पुँजिगत खर्च ७ करोड ६ लाख १५ हजार ५२१ मात्र (४१.६६%) गरी जम्मा कुल खर्च ३५ करोड ६३ लाख ७३ हजार नौ सय पचपन्न मात्र (५८.०४%) आय र व्यायको अनुमोद गर्ने। |
| ४६ | छात्रावृती सम्बन्धमा। | लेटाङ नगरपालिकामा छात्रावृती पाउँ भनी निवेदन दिएका संलग्न अनुसूची १ बमोजिमका व्यक्तीहरूलाई छात्रावृती प्रदान गर्ने। (श्रोतः नगरस्तरिय छात्रावृती कार्यक्रम) |
| ४७ | घ बर्गको निर्माण इजाजत पत्र सम्बन्धमा। | लेटाङ नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७६ बमोजिम प्रक्रिया पुरा गरी प्राप्त भएको देहायको निर्माण व्यवसायहरूलाई इजाजत पत्र प्रदान गर्ने।<br>१. चिसाङ बिल्डर्स एण्ड सप्लायर्स प्रा.ली – लेटाङ ४<br>२. सिम्रिका मल्टिपर्पोज कम्पनी – लेटाङ ६ |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल